# स्थानीय राजपत्र

## जानकी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड : १०** **संख्या : १** **मिति :२०८३/०१/३०**

# भाग-२

## जानकी गाउँपालिकाको बरघर नियमावली, २०८३

प्रस्तावना : जानकी गाउँपालिकाको बरघर ऐन, २०८१ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिकाको गाउँकार्यपालिकाले यो नियमावली बनाएको छ।

प्रारम्भिक :

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम " बरघर नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) **"अध्यक्ष"** भन्नाले जानकी गाउँपालिकाको **अध्यक्ष**लाई सम्झनु पर्दछ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले जानकी गाउँपालिकाको **उपाध्यक्ष**लाई सम्झनु पर्दछ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) **"वडा अध्यक्ष"** भन्नाले जानकी गाउँपालिका भित्रका प्रत्येक वडाका वडा अध्यक्षलाई सम्झन पर्दछ।

(ङ) **"गाउँ बरघर"** भन्नाले यस ऐनको दफा ६ बमोजिम छनौट भएको गाउँ बरघर लाई सम्झनु पर्दछ।

(च) **"लिखन्डार"** भन्नाले बरघर प्रणालीमा लेखापढी, हिसाब किताबको काम गर्नेलाई सम्झनु पर्दछ।

(छ) **"टोल/सहायक बरघर "** भन्नाले गाउँ बरघर लाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो टोलमा नेतृत्व गर्ने बरघरलाई सम्झनु पर्दछ ।

(ज) **"गुरुवा"** भन्नाले बरघर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँ भेला र खोज्नी बोझ्नीबाट छनौट भएकोलाई सम्झनु पर्दछ ।

(झ) **"केसौका"** भन्नाले गुरुवाको सहयोगीलाई सम्झनु पर्दछ ।

(ञ) **"चिराकी/ चौकीदार "** भन्नाले परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोगगर्ने तथा गाउँको साझा देवता (ठनुवा मरुवा)मा नियमित दियो बाल्ने र पूजापाठ गर्ने, चाडपर्व र उत्सव विवाहमा चोखो आगोको व्यवस्था मिलाउने र उज्यालो पार्ने, रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यका लागि नियुक्त भएकालाई सम्झनु पर्दछ ।

(ट) **"भेला"** भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँको वार्षिक भेलालाई सम्झनु पर्दछ।

(ठ) **"खोज्नीबोझ्नी"** भन्नाले बरघर प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरुको कामको समीक्षा गर्ने, आवश्यक पर्ने पदका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने कार्य वा प्रक्रियालाई सम्झनुपर्दछ ।

(ड) **"न्यायिक समिति"** भन्नाले संविधानको धारा २१७ (१) बमोजिम गठन भएको न्यायिक समितिलाई सम्झनु पर्दछ ।

(ढ) **"मेलमिलापकर्ता"** भन्नाले प्रत्येक वडामा रहेका सूचिकृत मेलमिलापकर्तालाई सम्झनु पर्दछ।

(ण) **"टिहाई"** भन्नाले गाउँको सार्वजनिक पदमा काम गरे वापत पारिश्रमिक स्वरुप घरधुरी बाट गाउँ भेलाको निर्णय अनुसार संकलन गरिने अन्न वा नगदलाई सम्झनु पर्दछ ।

(त) **"पूजाआँटी"** भन्नाले निश्चित प्रयोजनको लागि परम्परा अनुसार गरिने विभिन्न पूजापाठलाई सम्झनु पर्दछ ।

(थ) **"ऐन"** भन्नाले जानकी गाउँपालिकाको बरघर ऐन, २०८१सम्झनु पर्दछ।

(द) **"बरघर समन्वय समिती"** भन्नाले नियम ४ बमोजिम गठन भएको समितीलाई सम्झनु पर्दछ।

**३.बरघर व्यवस्थापन तथा परिचालनः-** (१) बरघर/भलमन्सा ऐन,२०८१ दफा ८ बमोजिम गाउँ टोलको गाउँ खोज्नीबोझनीबाट छनौट भएका पदाधिकारीहरु वडा कार्यालय तथा गाउँपालिकामा सूचिकृति गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत भएका बरघर/भलमन्सालाई गाउँपालिकाको निर्णय बमोजिम सहजिकरण तथा समन्वय गर्ने।

(क) गाउँ टोल भित्रका योजना तर्जुमा कार्यान्वयन तथा अनुगमनमा सहयोग गर्ने,

(ख) तथ्याङ्क अद्यावधिक तथा संरक्षण गर्नमा सहजिकरण तथा सहयोग गर्ने,

(ग) विकास निर्माण तथा सामाजिक कार्यमा सहजिकरण तथा समन्वय गर्ने,

(घ) बैठक बस्न र छलफल गर्नका लागि गाउँमा बरघर भवन (घर) निर्माण गर्न सकिने छ।

(ङ) गाउँघरका सानातिना विवाद मिलाउन स्थानीय तहको न्यायिक समितिसँग समन्वय गर्ने,

(च) नियमन कार्यमा सहयोग गर्ने।

**४.बरघर समन्वय समिती**

गाउँपालिका स्तरीय बरघर समन्वय समिती देहाय बमोजिम रहने छ।

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्ष सबै | सदस्य |
| (ग) प्रत्येक वडाबाट छनोट भएका १ जना बरघर | सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृतले टोकेको अधिकृत स्तरको कर्माचारी | सदस्य सचिव |

**५. गाउँपालिका बरघर समितीको काम कर्तव्य र  अधिकार देहाय बमोजिम रहने छ।**

(क) गाउँपालिका स्तरयको नीति तथा कार्यक्रममा सहयोग गर्ने

(ख) बरघर प्रणाली संस्थागत गर्न सरोकारवालाहरुसंग पैरवी गर्ने

(ग) बरघर प्रणाली सम्बन्धि तथा संघ प्रदेश र स्थानीय तह तथा विभिन्न संघ संस्थासंग अन्तरक्रिया कार्यक्रम गर्ने

**६. वडा स्तरीय बरघर समिती देहाय बमोजिम रहने छ।**

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | संयोजक |
| (ख) | वडा सदस्य सबै | सदस्य |
| (ग) | गाउँ/टोल बरघरहरु मध्ये खोज्नीबोझ्नीबाट चैयन भएका१ जना बरघर | सदस्य |
| (घ) | वडा सचिव | सदस्य सचिव |

**७. वडा बरघर समितीको काम कर्तव्य र  अधिकार देहाय बमोजिम रहने छ।**

(क) गाउँपालिका तथा वडास्तरको योजना तयार गर्न यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितीलाई सहयोग गर्नु।

(ख) गाउँपालिका तथा वडास्तरको कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने

(ग) बरघर प्रणाली प्रर्वद्धन हुने क्रियाकलाप तथा अभियानहरुमा सहयोग गर्ने

(घ) बरघर प्रणाली सम्बन्धी कार्यक्रमको लागि संघ, प्रदेश र स्थानीय तह आवश्यक समन्वय गर्ने

**८. सेवा सुविधाः-**

(क) बैठक भत्ता तथा खाजा खर्चको व्यवस्था गर्न सकिनेछ ।

(ख) बरघर प्रणालीलाई व्यावस्थित गर्नका लागि तथा क्षमता विकास तालिमको व्यवस्था गर्ने

(ग) गाउँघरमा सूचना आदनप्रदानका गर्नका लागि सञ्चार सुविधाको व्यवस्था गर्न सकिनेछ।

(घ) बरघरहरुलाई स्वास्थ्य बीमामा सहुलियत सहयोग गर्न सकिनेछ ।

(ङ) बरघरहरुलाई कार्य सम्पादनको आधारमा प्रोत्साहान स्वरुप साईकलको व्यवस्था गर्न सकिनेछ।

(च) उत्कृष्ट कार्य गर्ने गाउँ/ टोल बरघरहरुलाई सार्वजनिक कार्यक्रममा सम्मान तथा पुरस्कार प्रदान गर्न सकिने छ ।

**९. संसोधनः- यस नियमावलीलाई गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सकिने छ।**